# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
### थापाथली परिसरमा सेफ्टि ट्यांकी र ढल निर्माण गर्ने बारेको सिलबन्दी प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७२/०७/२०)

यस बैंकको थपाथली परिसरमा सेफ्टि ट्यांकी र ढल निर्माण गर्ने कार्य सिलबन्दी प्रस्तावको माध्यमबाट गराउनु पर्ने भएकोले बैंकको मिति २०७२/०२/०८ गतेको कान्तिपुर दैनिकमा प्रकाशित सूचना बमोजिम तयार गरेको संक्षिप्त सूचिमा रहेका इच्छुक फर्म/कम्पनीहरुले मात्र देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले चौथो दिनको १२:०० वजेभित्र बैंकले तयार गरी निःशुल्क रुपमा उपलब्ध गराएको सक्कल प्रस्ताव फारम भरी खामको वाहिर थापाथली परिसरमा सेफ्टि ट्यांकी र ढल निर्माण गर्ने बारेको सिलबन्दी प्रस्ताव भन्ने व्यहोरा उल्लेख गरी यस बैंकको सामान्य सेवा विभाग, मुकाम कार्यालय, थापाथलीमा पेश गर्नु पर्नेछ ।

२. प्राप्त सिलबन्दी प्रस्तावहरु चौथो दिनको २:३० वजे (सो दिन विदा परेमा अफिस खुलेको पहिलो दिन) बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, वालुवाटारमा प्रस्तावकहरुको प्रतिनिधीको रोहवरमा खोलिनेछ । प्रतिनिधी उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पुग्ने छैन ।

३. प्रस्तावदाता फर्म वा कम्पनीको तर्फबाट प्रस्ताव पेश गर्दा कुनै व्यक्तिलाई अख्तियारी दिएको भए सो अख्तियारी पत्र प्रस्ताव साथ संलग्न गर्नु पर्नेछ ।

४. खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजाय नपाएको भनी गरेको लिखित स्वःघोषणा पत्र समेत प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

५. प्रस्ताव दर्ता गर्ने अन्तिम दिन र प्रस्ताव खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्य कार्यालय खुलेको पहिलो दिन गरिनेछ ।

६. म्याद नाघी वा रित नपुगी दाखिला भएका प्रस्तावहरुलाई कुनै मान्यता दिइने छैन ।

७. प्रस्ताव खोली स्वीकार गर्ने वा नगर्ने वा कुनै पनि समय प्रस्ताव रद्द गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

८. यस सम्बन्धमा कुनै कुरा बुझ्नु परेमा कार्यालय खुलेको दिन कार्यालय समयभित्र यस विभागको मुकाम कार्यालय थापाथली (फोन नं ४१०१७०४) मा सम्पर्क गर्न सकिनेछ ।

**सामान्य सेवा विभाग**